# जिल्ला समन्वय समितिको कार्यालय

## धुलिखेल, काभ्रेपलाञ्चोक

## बागमती प्रदेश, नेपाल ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको २०८३ को (वार्षिक) श्रावण देखि आषाढसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

२०८३ श्रावण

शाखा अधिकृत

# स्वतः प्रकाशन (Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ। यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित **(Proactive Disclosure)** गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक द्वारा आ.व. ०८२/०८३ को वार्षिक (श्रावण देखि आषाढ) महिनामा सम्पादित क्रियाकलापहरुको मुख्य मुख्य विवरण यस प्रकाशनमा प्रस्तुत गरिएको छ ।

जिल्ला समन्वय समितिको कार्यालय,

काभ्रेपलाञ्चोक ।

शाखा अधिकृत

जिल्ला समन्वय समितिको कार्यालय
काभ्रेपलाञ्चोक
२०७३

## विषयसूची :


१. जि.स.स को स्वरुप र प्रकृति
२. जि.स.स. को काम, कर्तव्य र अधिकार
३. जि.स.स. मा रहने कर्मचारी संख्या र कार्य विवरण
४. जि.स.स. बाट प्रदान गरिने सेवा
५. जि.स.स. को शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निर्णय गर्ने प्रक्रिया र अधिकार
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद
११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१४. जि.स.स. को वेभसाइट
१५. जि.स.स. ले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण
१६. जि.स.स. ले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन
१७. जि.स.स.ले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधि
१८. जि.स.स.मा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण
१९. जि.स.स. का सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण
२०. थप जानकारीका लागि सम्पर्क


शाखा अधिकृत

## जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक

### सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

### आ. व. ०८२/८३ को चौथो वार्षिक (श्रावण देखि आषाढ)

### १. जिल्ला समन्वय समितिको स्वरुप र प्रकृति :

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्व गर्ने कार्यालय हो । नेपालको संविधानको धारा २२० (१) मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभाले एक जना प्रमुख, एक जना उप-प्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिमा प्रमुख, उप-प्रमुख र सात जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ । काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिना नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ। केन्द्र सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागी जिल्ला समन्वय अधिकारी (रा.प.द्वि. श्रेणी) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवातर्फका कर्मचारीहरु कार्यरत रहेका छन्। नेपालको संविधान २०७२ का साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ ।

शाखा अधिकृत

## २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

देहाय बमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन् ।

(क) *नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु*

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमनको कार्य गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने ।

(ख) *स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरु*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ ।

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्याल र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्ला भित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न

शाखा अधिकृत

गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

- जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागी मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागी वर्षको एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदसदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ग) *बागमती प्रदेश कानून र नियमावली बमोजिमका कार्यहरु*

## ३. जिल्ला समन्वय समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको संख्या र कार्यविभाजन

(क) जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरुको विवरण

| क्र.सं. | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| १. | श्री दिपक कुमार गौतम | प्रमुख |
| २. | श्री रिम बहादुर तामङ | उप-प्रमुख |
| ३. | श्री मंगल बहादुर तामाङ | सदस्य |
| ४. | श्री कृष्ण कुमारी राई | सदस्य |
| ५. | श्री निर बहादुर लामा | सदस्य |
| ६. | श्री कमल राज गिरी | सदस्य |
| ७. | श्री चण्डिका मिजार | सदस्य |
| ८. | श्री रस्मिता भण्डारी | सदस्य |
| ९. | श्री अप्सरा ढुंगाना सिपखान | प्रवक्ता/सदस्य |

शाखा अधिकृत

(ख) जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरण :

| क.सं. | कर्मचारीको नाम थर | पद/श्रेणी |
|---|---|---|
| १. | श्री शिव प्रसाद हुमेगाई | जि.स.अ./ रा.प. द्वि |
| २. | श्री ज्योति सापकोटा | शा.अ./ रा.प.तृ. |
| ३. | श्री प्रवेश आचार्य | इन्जिनियर/ रा.प.तृ |
| ४. | श्री दिनेश घर्ती | ना.सु./ रा.प.अनं.प्र. |
| ५. | श्री अस्मिता पौडेल | लेखापाल/ रा.प.अनं.प्र. |
| ६. | श्री सन्तोषी राउत | सब-इन्जिनियर/ रा.प.अनं.प्र. |
| ७. | श्री अर्पण पोखरेल | खरिदार/ रा.प.अनं.द्वि. |

(ग) जिल्ला समन्वय समितिमा हाल रिक्त रहेका पदको विवरण :

नभएको

(घ) जिल्ला समन्वय समितिमा हाल कार्यरत करारका कर्मचारीहरुको विवरण :

| क.सं. | कर्मचारीको नाम थर | पद/श्रेणी | कार्यरत शाखा |
|---|---|---|---|
| १. | श्री राज कुमार त्रिपाठी | सवारी चालक | जि.स.स. प्रमुखको |
| २. | श्री विनोद मुक्तान | सवारी चालक | जि. स. अ. |
| ३. | श्री दिनेश घिमिरे | कार्यालय सहयोगी | सबै शाखा |
| ४. | श्री लक्ष्मण विष्ट | कार्यालय सहयोगी | सबै शाखा |
| ५. | श्री उत्तम हुमागाई | कार्यालय सहयोगी | सबै शाखा |
| ६. | श्री प्रसुन बोहोरा | निजी सचिव | जि.स.स. प्रमुखको सचिवालय |

## ४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाहरु

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ साथै संघीय र प्रदेश कानून बमोजिमका सबै सेवाहरु ।
- जि.स.स. बाट सम्पादन गरिने कामहरुको विवरण नियमित रुपमा सार्वजनिक गर्ने गरिएको।

शाखा अधिकृत

जिल्ला समन्वय समितिको कार्यालय
काभ्रेपलाञ्चोक
२०७३

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | शाखाको नाम | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १. | व्यवस्थापन शाखा | शा.अ. श्री ज्योति सापकोटा<br>ना.सु. श्री दिनेश घर्ती<br>ले.पा. श्री अस्मिता पौडेल<br>खरिदार श्री अर्पण पोखरेल | |
| २. | अनुगमन तथा मूल्यांकन शाखा | ई. श्री प्रवेश आचार्य<br>सब-ई. श्री सन्तोषी राउत | |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

- जिल्ला समन्वय समितिले प्रदान गर्ने सबै सेवा निःशुल्क रुपमा प्रदान हुने ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकार

- शाखासँग सम्बन्धित नियमित कामहरुको निर्णय शाखा प्रमुखबाट हुने ।
- शाखा प्रमुखबाट हुन नसक्ने निर्णय र कार्यालय प्रमुखबाट निर्णय हुने भनी तोकिएका विषयमा कार्यालय प्रमुखबाट निर्णय हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालयको दैनिक कामकाज सम्बन्धमा भएको निर्णय सम्बन्धी उजुरी - जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीको निर्णय सम्बन्धी उजुरी – जि.स.स. प्रमुख

शाखा अधिकृत

## ९. २०८२ श्रावण १ देखि २०८३ आषाढ मसान्त सम्म सम्पादन गरिएका क्रियाकलापहरुको त्रैमासिक विवरण

- मिति २०८२/०५/१५ मा जिल्ला समन्वय प्रमुख श्री दिपक कुमार गौतमज्यूको अध्यक्षतामा धुलिखेल लज रिसोर्टमा यस जिल्लाका स्थानीय तहहरुको आ.व.२०८१/८२ को असल अभ्यास सम्बन्धी अनुभव आदान-प्रदान कार्यक्रम समपन्न गरियो।
- जिल्ला समन्वय प्रमुख श्री दिपक कुमार गौतमज्यूको संयोजकत्वमा मिति २०८२/०५/२३-२४ को Zen-Z आन्दोलनका क्रममा जिल्ला स्थित विभिन्न पालिका अन्तर्गत भएको भौतिक क्षतिको स्थलगत अनुगमन गरियो।
- जिल्ला समन्वय प्रमुख श्री दिपक कुमार गौतमज्यूको प्रमुख आतिथ्यतामा मण्डन देउपुर नगरपालिकालाई बालमैत्री पालिका घोषणा कार्यक्रम सम्पन्न भयो।
- मिति २०८२/०६/२७ मा जिल्ला समन्वय समिति तथा पाँचखाल न.पा. विच भएको द्विपक्षीय सम्झौता (मिति २०८१/०३/०४) बमोजिम कार्यान्वयनमा आएको **बखेलडिही खानेपानी आयोजनाको लागि डिप बोरिंग कार्य, पाँचखाल न.पा. वडा नं.:** ०६ आयोजनहरुका सम्बन्धमा अन्तिम किस्ता रकम निकासाको लागि माग भई आएकोमा स्थलगत अनुगमन गरी विनियोजन भएको रकमको अन्तिम किस्ता वापतको रकम पाँचखाल नगरपालिकाहरुलाई निकासा दिने निर्णय गरियो।
- मिति २०८२/०६/२६ मा बसेको ११६ औं बोर्ड बैठक बाट २०८२ असोज १८-२० मा आएको बाढी तथा पहिरो लगाएतका मनसुन जन्य प्रकोपले महाभारत बेल्टका बाटो-घाटो तथा सड्क सञ्जालमा पुर्णरुपमा क्षेती पुगेकोहुँदा उक्त कार्यको पुनःनिर्माणका क्रममा लागि परिरहनुभएका जिल्ला समन्वय उप-प्रमुख श्री रिम बहादुर तामाङ मार्फत रोशी हुँदै महाभारत गाउँपालिका जोडने बाटो खुलाउनका निम्ती २०० लिटर ईन्धन सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरीयो।
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ९(१) मा व्यवस्था भएको नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री सम्बन्धि प्रकृयाको अनुगमन गर्न गठित समितिका संयोजक एवं जिल्ला समन्वय समिति प्रमुख श्री दिपक कुमार गौतमज्यू को अध्यक्षतामा मिति २०८२/०६/३१ गते बसेको जिल्ला अनुगमन समितिको बैठकले अनुगमन कार्यदलले तयार गरेको अनुगमन प्रतिवेदन ग्रहण कार्यक्रम सम्पन्न गरीयो।

- मिति २०८२/०७/२०-२२ सम्म जिल्ला समन्वय प्रमुख श्री दिपक कुमार गौतमज्यूको

शाखा अधिकृत

नेतृत्वमा अन्तर जिल्ला असल अभ्यास अनुभव आदान प्रदान तथा राष्ट्रीय पर्यापर्यटन प्रवद्धनार्थ दोलखा जिल्लाको समन्वय समितिको सभाहलमा आयोजित कार्यक्रममा सहभागिताका साथै दोलखाकै शैलुङ, कालिञ्चोक दर्शन तथा जिरीको समेत अवलोकन सम्पन्न गरियो।

- बालमैत्री स्थानीय शासन घोषणाका निम्ती जिल्ला स्तरिय समितिको बैठक बसेर जिल्ला लाई तीन वटा क्लस्टरमा छुट्याएर जिल्ला समन्वय प्रमुख श्री दिपक कुमार गौतमद्वारा प्रस्तुतिकरण समेत बाट अभिमुखिकरणको कार्यक्रम गरियो।
  - क्लस्टर १ :-
    - स्थानीय तहहरु
      - नमोबुद्ध नपा
      - महाभारत गापा
      - रोशी गापा
      - तेमाल गापा
    - अभिमूखिकरण कार्यक्रम
      - आयोजना मितिः - २०८२/०८/०६
    - कार्यक्रम
      - आयोजना मितिः - २०८२/०८/१२
      - स्थान : - मण्डनदेउपुर नपाको सभाहल
      - सहभागी संख्या :- २००+
  - क्लस्टर ३ :-
    - स्थानीय तहहरु
      - धुलिखेल नपा
      - बेथानचोक गापा
      - पनौती नपा
      - खानीखोला गापा
      - बनेपा नपा
    - अभिमूखिकरण कार्यक्रम
      - आयोजना मितिः - २०८२/०८/१९
      - स्थानः मण्डनदेउपुर नपाको सभाहल
      - सहभागी संख्या :- १००+
- मिति २०८२/०९/०४ मा जिससको सभाहलमा स्थानीय तहको योजना तर्जुमा गोष्ठी कार्यक्रम जिसस प्रमुख, जिसअ तथा जिससका इन्जिनियरको प्रस्तुतिकरण कक्षा सहित सम्पन्न भएको।
- मिति २०८२/०९/१३ मा शिक्षा तालिम केन्द्रको सभाहलमा संघ, प्रदेश र स्थानीय विषयमा समन्वय र सहजिकरण विषयक अन्तरकृया कार्यक्रम-२०८२ वागमति प्रदेशका मुख्य मन्त्री

शाखा अधिकृत

माननिय इन्द्र बहादुर बानियाँको प्रमुख आतिथ्यतामा सम्पन्न भएको।

- मिति २०८२/०९/२१ मा जिससको सभाहलमा बेरुजु फछ्यौंट तथा व्यवस्थापन सम्बन्धी अन्तरकृया गोष्ठी-२०८२ जसमा जिसस प्रमुख, जिसअ तथा PPMO का निर्देशक कृष्ण पुडाशैनी एवम् नायव मलेप घनश्याम काफ्लेको प्रस्तुतिकरण कक्षाहरु सहित सम्पन्न भएको।
- खानी तथा क्रसर उद्योगको अनुगमनका सन्दर्भमा मिति २०८२/०९/ ०१ ,०९,११,र २२ गते गरी चार पल्ट जिल्ला अनुगमन समितिको बैठक बसेकोमा ११ गतेको बैठकमा ट्राफिक व्यवस्थापनलाई समेत जोडेर टिपर व्यवसायीहरु लाई समेत सहभागि गराई ओभरलोड, पानी चुहाउने, हर्न बजाउने लगाएत विषयमा त्यस्तो नगर्ने/नगराउने विषयमा निर्णय भएको :

➢ <u>उद्योगको अनुगमन</u>

- पनौती नपामा :-
  - उद्योगहरु
    - भालेश्वर रोडा ढुंगा उद्योग प्रा.लि. , पनौती — १२, खारखोला
    - दिपलक्ष्मी माईङ्ग एण्ड एग्रिगेट प्रा.लि., पनौती १२-, कलातिभुमिडाँडा
  - थप विवरण
    - अनुगमन मितिः - २०८२/०९/०२,०३
    - जिल्ला अनुगमन समितिका सदस्य सचिव, जिसअ श्री शिव प्रसाद हुमेगाईको नेतृत्वमा अनुगमनको काम भएको।
    - उद्योग बन्द गरेर प्रकृया पुरा गरे पश्चात मात्र सञ्चालन गर्नुपर्ने राय सहितको प्रतिवेदन हस्तान्तरण।
- तेमाल गापामा :-
  - उद्योगहरु
    - ह्रेन्जेन दोर्जे कम्पनी प्रा.लि., तेमाल गा.पा. वडा नं-१
  - थप विवरण
    - अनुगमन मितिः - २०८२/०९/१७
    - जिल्ला अनुगमन समितिका सचिव, जिसस प्रमुख श्री दिपक कुमार गौतमको नेतृत्वमा अनुगमनको काम भएको।
    - उद्योगले प्रकृया पुरा गरेसी फिर्ता गर्ने गरी उद्योगका कागजात जफत गरीएको।

शाखा अधिकृत

➢ <u>ओभरलोड कारबाही</u>

- मिति २०८२/०९/01 मा जिल्ला अनुगमन समितिको बैठक बिसि निर्णय भए बमोजिम कारबाहीको लागि प्रहरी कार्यालयबाट लेखि आएको पत्र सम्बन्धित पालिकालाई पत्राचार गर्ने गरीएकोमा पौष मसान्त सम्म देहाय बमोजिमको संख्यामा कारबाहीको पत्राचार गरीएको
  - मण्डनदेउपुर नपा — १५ वटा
  - भुम्लु गापा — १७ वटा
  - तेमाल गापा - १ वटा
  - रोशी गापा - X
  - नमोबुद्ध नपा - X
  - पनौती गापा - X
  - बेथानचोक गापा - X

- मिति २०८२/१०/१५ गते बेथानचोक गाउँपालिकामा सञ्चालनमा रहेका तथा निर्माण सम्पन्न भएका विभिन्न योजना/आयोजनाको अनुगमन समपन्न गरियो।
- मिति २०८२/११/३० गते बेथानचोक गाउँपालिकामा बेथानचोक गाउँपालिकाका जनप्रतिनिधि,कर्मचारी तथा जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारी बिच विविध विषयमा छलफल गर्न सँयुक्त बैठक आयोजना गरि सम्पन्न गरियो ।
- मिति २०८२/१२/०२ र ०३ गते संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजना तथा प्रदेश सुशासन केन्द्रको सहिजीकरणमा जिल्ला समन्वय प्रमुख श्री दिपक कुमार गौतमको अध्यक्षतामा काभ्रेपलाञ्चोक जिल्लाका सबै स्थानीय तहका प्रमुख प्रशासनकीय अधिकृत, प्रशासन प्रमुख तथा IT officer हरु तथा जिल्ला समन्वयका जिल्ला समन्वय अधिकारी तथा शाखा अधिकृतको उपस्थितिमा स्थानीय शासन कार्यसम्पादन मुल्याँकन प्रणाली (Local Governance Performance and Assessment, LGPAS) सम्बन्धी अभिमूखीकरण कार्यक्रम सम्पन्न भयो ।
- मिति २०८२/१२/०६ गते देखि २०८२/१२/८ गतेसम्म खानीखोला गाउँपालिकामा सञ्चालनमा रहेका तथा निर्माण सम्पन्न भएका विभिन्न योजनाहरुको अनुगमन गरि खानीखोला गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीबीच संयुक्त बैठक सम्पन्न गरियो ।
- मिति २०८२/१२/१८ गते डिभिजन वन कार्यालय तथा जिल्ला समन्वयका सब-ईन्जिनियरको

शाखा अधिकृत

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०७३

संयुक्त सहभागितामा तेमाल गा.पा. १ मा सञ्चालनमा रहेको ह्रेन्जेन दोर्जे कम्पनीको अनुगमन सम्पन्न भयो ।

- मिति २०८२/१२/२० गते भुम्लु गाउँपालिकामा भुम्लु गाउँपालिकाका जनप्रतिनिधि,कर्मचारी तथा जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारी बिच विविध विषयमा छलफल गर्न सँयुक्त बैठक आयोजना गरि सम्पन्न गरियो ।
- मिति २०८२/१२/२० गते नदीजन्य तथा खानीजन्य पदार्थ सम्बन्धी जिल्ला स्तरिय समितिको बैठक जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न गरियो ।
- मिति २०८२/१२/२५ गते नमोबुद्द नगरपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख श्री दिपक कुमार गौतमज्यूको प्रमुख आतिथ्यतामा जिल्ला समन्वय समितिका कर्मचारीहरु समेत सहभागी भई सोही दिन नमोबुद्द नगरपालिका वडा नं ८ र वडा नं ११ लाई बालमैत्री वडा घोषणा गर्ने कार्य सम्पन्न भयो ।
- मिति २०८२/१२/२६ गते जिल्ला प्रशासन कार्यालयको संयोजकत्वमा डिभिजन वन कार्यालय,नापी कार्यालय, सुरक्षा निकाय तथा जिल्ला समन्वय समितिका इन्जिनियरको उपस्थितिमा रोशी तथा नमोबुद्द नगरपालिकामा रहेका खानी तथा क्रसर उद्योगहरुको संयुक्त अनुगमन गरियो ।
- मिति २०८२/१२/२९ गते जिल्ला समन्वय प्रमुख श्री दिपक कुमार गौतमज्यूको प्रमुख आतिथ्यतामा मण्डन देउपुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न भयो।
- मिति २०८२/१२/३० गते प्रमुख जिल्ला अधिकारी,जिल्ला समन्वय प्रमुख, जिल्ला समन्वय अधिकारी, डिभिजन वन कार्यालय,पूर्वाधार विकास कार्यालय तथा सुरक्षा निकायहरुको उपस्थितिमा नदिजन्य तथा खानीजन्य पदार्थ सम्बन्धी संयुक्त बैठक सम्पन्न गरियो ।

- मिति २०८३/०१/०३ गते तेमाल गाउँपालिकाका जनप्रतिनिधि,कर्मचारी तथा जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारी बिच विविध विषयमा छलफल गर्न सँयुक्त बैठक आयोजना गरि सम्पन्न गरियो ।
- मिति २०८३/०१/०७ गते जिल्लाका सबै स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्षहरुसंग स्थानीय तह पुर्नसंरचना सम्बन्धमा राय/सुजाव संकलन सम्बन्धी बैठक समपन्न गरियो।
- मिति २०८३/०१/०७ गते नदिजन्य, खानीजन्य पदार्थ सम्बन्धी बैठक सम्पन्न गरियो ।

शाखा अधिकृत

- मिति २०८३/०१/१० गते चौरीदेउराली गाउँपालिकाका जनप्रतिनिधि,कर्मचारी तथा जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारी बिच विविध विषयमा छलफल गर्न सँयुक्त बैठक आयोजना गरि सम्पन्न गरियो ।
- मिति २०८३/०२/०४ गते जिल्लाका सबै कार्यालय प्रमुखहरुको सहभागीतामा प्रदेश समन्वय परिषदको निर्णय कार्यान्वयन सम्बन्धी अन्तर्क्रिया सम्पन्न गरियो ।
- मिति २०८३/०२/०७ गते नमोबुद्द नगरपालिका वडा नं ७ लाई बालमैत्री वडा घोषणाको लागि आवश्यक सुचकहरु पुरा गरे नगरेको अनुगमन गरि बालमैत्री वडा घोषणाको लागि सिफारिस गरि जिल्ला समन्वय समितिका प्रमुख श्री दिपक कुमार गौतमज्यूको प्रमुख आतिथ्यतामा बालमैत्री वडा घोषणा गरिएको ।
- मिति २०८३/०२/११ गते नमोबुद्द नगरपालिका वडा नं ६ लाई बालमैत्री वडा घोषणाको लागि आवश्यक सुचकहरु पुरा गरे नगरेको अनुगमन गरि बालमैत्री वडा घोषणाको लागि सिफारिस गरि बालमैत्री वडा घोषणा गरिएको ।
- मिति २०८३/०२/१२ गते नदीजन्य तथा खानीजन्य पदार्थ सम्बन्धी जिल्ला अनुगमन समितिको बैठक सम्पन्न गरियो ।
- मिति २०८३/०२/१३ गते गणतन्त्र दिवस मूल समारोह समितिको बैठक बसी जेठ १४ र १५ गते जिल्लाका सबै सरकारी कार्यालयहरुमा दिपावली गर्ने, कार्यालय हाता सरसफाई गर्ते तथा जेठ १५ गते जिल्ला कारागारमा रहेका कैदी बन्दीहरुका लागि स्वास्थ्य शिविर संचालन गर्ने तथा जेठ १५ गते नै पनौती - ५ मा रहेको मानव सेवा आश्रममा रहेका बालबालिकाहरुका लागि शैक्षिक सामाग्री उपलब्ध गराउने निर्णय गरि सोही बमोजिम **"गणतन्त्र दिवस २०८३"** भव्यताका साथ मनाइयो ।
- मिति २०८३/०२/२१ गते प्रतिनिधि सभाका सभामुख श्री डोल प्रसाद अर्यालज्यूको प्रमुख आतिथ्यतामा नवौं जिल्ला सभा तथ आ.ब. २०८२/८३ को प्रगति समिक्षा कार्यक्रम धुलिखेल अस्पतालको अडिटोरियम हलमा सम्पन्न भयो ।
- मिति २०८३/०३/०५ गते नमोबुद्द नगरपालिका वडा नं ४ लाई बालमैत्री वडा घोषणाको लागि आवश्यक सुचकहरु पुरा गरे नगरेको अनुगमन गरि बालमैत्री वडा घोषणाको लागि सिफारिस गरि जिल्ला समन्वय समितिका प्रमुख श्री दिपक कुमार गौतमज्यूको प्रमुख आतिथ्यतामा बालमैत्री वडा घोषणा गरिएको ।
- मिति २०८३/०३/१२ गते बागमति प्रदेश सरकारका वन तथा वातावरण मन्त्री माननीय भरत बहादुर के.सी ज्युको प्रमुख आतिथ्यतामा जिल्लाका संघिय तथा प्रादेशिक कार्यालयहरुका

शाखा अधिकृत

कार्यालय प्रमुखहरु, सबै स्थानीय तहका वातावरण शाखा प्रमुख तथा विपद फोकल पर्सनहरु,सुरक्षा निकायहरु, जिल्लामा क्रियाशिल राजनीतिक दलका प्रतिनिधिहरु, तथा विभिन्न सरोकारवाला निकायहरुको सहभागीतामा स्थानीय स्तरमा विपद व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम शिक्षा तालिम केन्द्रको सभाहलमा सम्पन्न गरियो ।

- मिति २०८३/०३/१५ गते नमोबुद्द नगरपालिका वडा नं ३ लाई बालमैत्री वडा घोषणाको लागि आवश्यक सुचकहरु पुरा गरे नगरेको अनुगमन गरि बालमैत्री वडा घोषणाको लागि सिफारिस गरि जिल्ला समन्वय समितिका प्रमुख श्री दिपक कुमार गौतमज्यूको प्रमुख आतिथ्यतामा बालमैत्री वडा घोषणा गरियो ।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

- कार्यालय प्रमुख : जिल्ला समन्वय अधिकारी श्री शिव प्रसाद हुमेगाई
- सूचना अधिकारी : शाखा अधिकृत श्री ज्योति सापकोटा

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- गाउँ/नगर/ जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७४ (वागमती प्रदेश)
- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७४ (बागमती प्रदेश)
- वातावरण संरक्षण ऐन, २०७६
- वातावरण संरक्षण ऐन, २०७७ ( बागमती प्रदेश)
- ढुंगा, गिट्टी, बालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, (पहिलो संशोधन) २०७९ (नेपाल सरकार )
- नदीजन्य पदार्थ (संकलन र उपयोग ) कार्यविधि, २०७५ ( बागमती प्रदेश)
- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली, २०७७
- प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली, २०७८
- जिल्ला अनुगमन कार्यविधि, २०७५
- जिल्ला सभा सञ्चालन कार्यविधि, २०७५

शाखा अधिकृत

- संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध ऐन, २०७७

शाखा अधिकृत

## १२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

| क्र.सं. | विवरण | प्राप्त रकम तथा कोषमा मौजुदा रकम (रु.) | खर्च भएको रकम (रु.) | बाँकी |
|---|---|---|---|---|
| १. | जि.स.स. कार्यालयहरु (३६५००१०५३-संघिय अनुदान) | १,५७,६२,०००।- | १,४०,२५,८२३.३१।- | |
| २. | विविध खाता (जि.स.स. मौज्दात कोष + कर्मचारी कल्याण कोष + अन्य आम्दानी) | ४,८२,१६,९६५.०९ | ३५,०२,८५१.००।- | |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश अनुदान (३०१०००११३) | २८,००,०००।- | २१,६१,६२०.५५।- | |

## १३. तोकिए बमोजिम अन्य विवरण

- संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।
- विभिन्न विषयगत समितिमा जिल्ला समन्वय समिति र कार्यालयको प्रतिनिधित्व हुने गरेको ।

## १४. जिल्ला समन्वय समितिको वेभसाईट - www.dcckavre.gov.np

फेसबुक पेज : https://www.facebook.com/districtcoordinationoffice?mibetid=JRoKGi **१५. जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण -**

यस अवधिमा कुनैपनि प्रकारको वैदेशिक सहयोग र सम्झौता नभएको ।

## १६. जिल्ला समन्वय समितिले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगती प्रतिवेदन

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तोकिए बमोजिमका

शाखा अधिकृत

कार्यहरु गर्न प्रत्येक महिना जि.स.स. पदाधिकारीज्यूहरुको नियमित बैठक बस्ने गरेको र आवश्यकता अनुसार समय समयमा बैठक बस्ने गरेको ।

- जि.स.स. ले जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालय एवं संघ संस्थाको कार्यप्रगती सम्बन्धी गर्ने गरेको समिक्षाको प्रतिवेदन बागमती प्रदेशका सबै मन्त्रालय र संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा पठाउने गरेको ।

## १७. जिल्ला समन्वय समितिले वर्गीकरण तथ संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकीएको समयावधि -

जिल्ला समन्वय समितिका सबै सूचनाहरु सूचना पाटी, वेभसाईट र सामाजिक सञ्जालमा हेर्न सकिने व्यवस्था रहेको।

## १८. जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण

सरोकारवालाहरुबाट मौखिक रुपमा माग भएका सूचनाहरु उपलब्ध गराइएको, यो अवधिमा लिखित रुपमा सूचना माग नभएको ।

## १९. जिल्ला समन्वय समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण -

जिल्ला समन्वय समितिमा सबै गतिविधिहरु वेबसाइट, समितिको फेसबुक पेज र कार्यालयको सूचनापाटी मार्फत नियमित रुपमा अद्यावधिक गरी सूचना प्रवाह गर्ने गरिएको साथै जिल्ला भित्रका सम्पूर्ण विवरण समेटी जिल्ला समन्वय समिति दर्पण प्रकाशन गरिएको । जिल्ला सूचना अभिलेख केन्द्र सञ्चालनमा रहेको ।

## २०. थप जानकारीका लागि सम्पर्क:-


फोन नं. ०११-४९०२४६, ०११-४९०२७४

**Email- dcckavre@gmail.com**


शाखा अधिकृत